# इलाम नगरपालिकाको कार्यालय, इलाम

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

# आ.ब. २०७३/२०७४ दोश्रो चौमासिक प्रतिवेदन

# मंशिर फाल्गुण २०७३

प्रस्तुत गर्ने :


शान्तिराम घिमिरे
सामाजिक परिचालन संयोजक
नामसालिङ सामुदायिक विकास केन्द्र
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

२. इलाम नगरपालिका मेची अञ्चल तथा इलाम जिल्लाको सदरमुकाम समेत रहेको जिल्लाकै पुरानो नगरपालिका हो । पहाडकी रानी भनेर चिनिने यस जिल्लाकै सदरमुकाम रहेको यस नगरपालिका चिसो मौसम तथा चियाबारीको रमणीयताले आन्तरीक तथा बाह्य आगन्तुकहरुका निम्ति सुन्दर नगरीका रुपमा परिचित् रहेको छ । आकर्षक र ऐतिहासिक चियाबारी, सेतीदेवी, नारायणस्थान, सिंहबाहिनी, माईस्थान, भिमसेनस्थान, सुकीलुम्बा देवीस्थान, गुम्बाडाँडा, लगायतका धार्मिक हिसावले महत्वपुर्ण स्थानहरुले यहाँको पर्यटनलाई थप सशक्त बनाएको छ । यस बाहेक छिमेकी गाविस सिद्धिथुम्का, माईपोखरी, तथा जिल्लाको पुर्वीभागमा रहेको श्रीअन्तु, कन्याम, सन्दकपुर आदि जस्ता पर्यटकीय महत्व राख्ने स्थलहरुले समेत यहाँको पर्यटनलाई टेवा पुरयाएको छ । प्राकृतिक हराभराले सुन्दर नगरी इलाम पर्यटकहरुका निम्ति समेत पुर्वको प्रमुख आकर्षणको केन्द्र पनि हो । यस नगरपालिकामा १९६३३  जना बसोबास गर्ने गरेका छन् भने विद्यार्थी, छोटो समायावधिका लागि बसोबास भएका तथा कर्मचारी र सुरक्षाकर्मीहरुको समेत जनसंख्या समावेश गर्ने हो भने यसको संख्या करीव ३० हजारको हाराहारीमा पुगेको अनुमान गरीएको छ । सामाजिक तथा भौतिक पुर्वाधार तथा संरचनाहरुको सुगमताले तथा सदरमुकाम नगरपालिका समेत भएकोले यस नगरपालिकाको आर्थिक सूचक कुल ग्राह्यस्थ उत्पादनमा गैर कृषि क्षेत्रले बढी योगदान दिएको देखिए पनि नगरपालिकाका अधिकांस वडाको मुख्य आर्थिक श्रोत भनेको कृषि नै रहेको पाईन्छ । कृषि क्षेत्रमा पनि उच्च मुल्यका नगदेबाली तथा कृषिजन्य औद्योगिकरण तथा पर्यटकीय नगरी यहाँको आर्थिक विकासका लागी बलिया खम्बाहरु हुन् । विविध जातजाती र वर्गका मानिसहरुले बसोबास गर्ने यो नगरपालिका साम्प्रदायिक तथा धार्मिक सहिष्णुताको दृष्टिकोणले सुरक्षित रहेको छ । शिक्षा तथा चेतनाको स्तरमा पनि जिल्लाको अन्य गाविस तथा छिमेकी जिल्लाहरुको तुलनामा अगाडि रहेको छ ।

समुद्री सतहबाट ४०१ देखि १४०७ मीटर सम्मको उचाईमा पर्ने इलाम नगरपालिका २६°५१'५८" देखि २६°५६'४६" उत्तरी अक्षांश र ८७°५३'३०" देखि ८७°५७'४६" पुर्वी देशान्तर सम्म फैलिएको छ । यस नगरपालिकाको पुर्वमा माईखोला, पश्चिममा पुवाखोला, उत्तरमा वरबोटे गाविस, र दक्षिणमा माईखोला तथा पुवाखोला पर्दछ । यो नगरपालिकाको जम्मा क्षेत्रफल ३०.९१ वर्ग कि.मी रहेको छ ।

यस नगरपालिकाको हावापानी समशितोष्ण ( Sub-tropical ) रहेको छ । यद्यपि खोला किनारका होचा ठाउँ देखि अग्ला क्षेत्र सम्म फैलिएको हुँदा यहाँको हावापानीमा विविधता देख्न पाइन्छ ।  धरातलीय विविधतासँगै (Geographical variation) यहाँको मौसम पनि फरक फरक रहेको पाइन्छ । बेंसी तथा खोला किनारमा निकै गर्मी हुने तथा माथिल्लो भाग जहाँ सदरमुकाम बजार पर्दछ, न्यानो मौसम हुने गर्दछ । नगरपलिकाको दक्षिणी भाग माई खोला, पुवा खोला र वेंसी क्षेत्रमा गृष्ममा केही गर्मी र उत्तरी भेगमा हर मौसममा न्यानो रहने भएकोले बसोबासको लागि अत्यन्तै उपयूक्त मानिएको छ । होचा भागमा २७ डिग्री सेल्सियस र इलाम वजार क्षेत्रमा ५ डिग्री सेल्सियस सम्म तापक्रम झर्ने गरेको पाइन्छ । यहाँ औषत वर्षा २,५०० मिमि हुने गर्दछ । जातिगत वसोबासको हिसावले यस क्षेत्रमा क्रमश क्षेत्री, ब्राम्हण, तामाङ, नेवार, राइ, लिम्बु साथै अन्य जातजातीहरुमा कामी, मगर, गुरुङ्ग, सार्की, बंगाली मारबाडी ठाकुर, तराईबासी,  सन्यासी आदि जातजातीहरुको मिश्रित बसोबास रहेको छ ।

**स्थानीय साझेदार संस्थाको परिचयः**

नामसालिङ सामुदायिक विकास केन्द्र इलाम नामसालिङ गाविसमा वि.सं २०४१ सालमा स्थानीय स्तरमा नामसालिङ विकास आयोजना नामले स्थापना भई वि.सं २०४४ सालमा जिल्ला प्रशासन कार्यालय इलाम र २०४५ सालमा समाज कल्याण परिषदमा नामसालिङ सामुदायिक विकास केन्द्र नामले विधिवत दर्ता भएको एक स्थानी गैर सरकारी संस्था हो । यस केन्द्रको मुख्य कार्यालय नामसालिङ गा.वि.स. वडा नं. ४ शुक्रबारे बजारमा रहेको छ भने इलाम नगरपालिकमा वडा नं. ७ मा आफनो श्रोत केन्द्र स्थापना गरि विभिन्न परियोजनाहरु संचालन गर्दै आईरहेको छ । केन्दको स्थापना ग्रामीण समुदायमा बसोबास गर्ने सर्वसाधरणलाई सामुदायिक विकासको माध्यमबाट गुणस्तरीय जीवनस्तरको विकास गराउँदै स्थानीय समुदायलाई सँलग्न गराउनको लागि गाउं स्तरमा एक सशक्त सामाजिक संस्थाको आवश्यकता महशुस गरि सम्पूर्ण नामसालिङबासी जनताको राय सल्लाह र स्वीकृतिले भएको हो । यो संस्था एक नाफारहित, गैरराजनैतिक, सामाजिक स्वयंसेवि संस्था हो ।

यस केन्द्रले विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय साझेदार संस्थाहरुको आर्थिक, भौतिक तथा प्राविधिक सहयोगमा विभिन्न क्षेत्रगत रुपमा सामुदायिक विकासका गतिविधिहरु संचालन गर्दै आईरहेको छ । सहयोग गर्ने क्रममा वर्तमान अवस्थासम्म पूर्वान्चलका पहाडी तथा तराईका जिल्लाहरु, साथै देशका पश्चिमी तथा मध्य क्षेत्रका जिल्लाहरु गरि

अधिराज्यका २५ भन्दा बढी जिल्लाहरुमा त्यहाँको समुदायको विभिन्न क्षेत्रसंग सम्बन्धित कार्यक्रमहरुमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको सहयोगमा सामुदायिक विकासको कार्यहरुमा सहयोग गर्दै आईरहेको छ ।

यस केन्द्रले संचालन गर्ने कार्यहरुलाई सहयोग पुर्‍याउन गाउँ, जिल्ला तथा राष्ट्रिय स्तरमा सल्लाहकार समितिको चयन गरी सोही समितिको सल्लाह तथा सुझाब अनुसार काम संचालन गर्ने गर्दछ । उक्त समितिमा विभिन्न विषयगत समितिका ज्ञाता, नेपाल सरकारका जिल्ला तथा राष्ट्रिय स्तरमा कार्यरत प्रमुख पदाधिकारी, संस्थाका आजिवन सदस्यहरु, भुतपूर्व अध्यक्ष तथा साभेदार स्वदेशी तथा विदेशी संघ संस्थाका नेपाल स्थित प्रतिनिधिहरु रहने व्यवस्था छ । आफ्ना क्रियाकलापहरुको कार्यान्वयनमा निर्णायक भूमिकाको लागि विषयगत समिति तथा उपसमितिहरु रहने व्यवस्था छ जसको संयोजक कार्यकारीणि समितिमा रहेका पदाधिकारी वा सदस्यहरुमध्येबाट हुने गर्दछ । यस केन्द्रको विधान अनुसार कार्यक्रम संचालनको लागि ११ सदस्यीय कार्यकारीणि समिति प्रत्येक ३।३ बर्षमा प्रजातान्त्रिक निर्वाचन पद्धतिबाट चयन गर्ने गरिन्छ ।

यसै सन्दर्भमा विगतको आर्थिक बर्ष देखि नेपाल सरकार संघीय तथा स्थानीय विकास मन्चालय अर्न्तगतको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा इलाम नगरपालिका कार्यालयको स्थानीय साझेदार संस्थाको रुपमा संस्थाले आफनो कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

२. यस अवधिमा सम्पन्न गरिएका मुख्य क्रियाकलापहरु

(१) नागरिक सचेतना केन्द्रहरुमा जम्मा ७२ वटा साप्ताहिक कक्षा संचालन

२) सवै नागरिक सचेतना केन्द्रहरुमा मासिक रुपमा बचत तथा ऋण प्रवाहमा सहजीकरण ।

३) गत आव देखि नै संचालनमा रहेका साना पूर्वाधार विकास कार्यक्रम अर्न्तगतका उद्यम तथा व्यवसायहरुको अनुगमन ।

४) कार्यक्रमसंग सम्बन्धित कर्मचारीहरुको २५ वटा वैठकहरु संचालन जसमा विभिन्न विषयसंग जानकार तथा विशेषज्ञ व्यक्तिहरुलाई समेत आमन्त्रण गरिएको ।

५) इलाम नगरपालिका क्षेत्रमा रहेका खानेपानी श्रोत तथा मुहानहरुको नामावली अद्यावधिक

६) इलाम नागरपालिकाको सार्वजनिक परीक्षण र सार्वजानिक सुनुवाई कार्यक्रम सम्पन्न ।

७) वडा नागरिक मन्चको लेखाजोखा तथा क्रियाशिलता मापन सम्पन्न ।

८) नगर यातायात गुरुयोजनाको लागि सामुदायिक वनहरु तथा वडामा अवस्थित वाटोहरुको विवरण अद्यावधिक

९) वडा नागरिक मन्चको लेखाजोखा तथा क्रियाशीलता मापन सम्पन्न (सवै नागरिक सचेतना केन्द्रहरुको )

१०) वडा नागरिक मन्चका एक चौथाई सदस्यहरुको फेरवदल ८ वटा (वडा नं. १ बाहेक)

११) इलाम नगरपालिका कार्यालयको आवधिक दिगो विकास योजना तर्जुमा को लागि ९ वटा वडा भेलाहरु सम्पन्न साथै सम्पूर्ण सरोकारवालाहरु सँगको छलफल तथा अर्न्तक्रियाहरु सम्पन्न भई आवधिक दिगो विकास योजना तर्जुमाको अन्तिम प्रारुप तय गर्न सहजीकरण ।

१२. नगरस्तरीय बाल भेला सम्पन्न साथै बालबालिका लक्षित योजना तथा कार्यक्रमहरुको छनौट र छनौट भएका कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको ।

१३) इलाम नगरपाकि क्षेत्रमा फोहोरमैलाको दिगो व्यवस्थापनको लागि फोहोरमैलाको श्रोतमा वर्गीकरण साथै फोहोर मैला व्यवस्थापनमा दण्ड जरीवानाको प्रावधान बारेमा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र हरुमा अभिमुखिकरण कार्यक्रम (४५ वटा)

१४) गरीविका अर्न्तनिहित कारणहरुको विश्लेषण UCPA प्रतिवेदन तयारी ।

१५) सामाजिक सुरक्षा तथा विकृति विसंगति रोकथामका लागि आमा समूह मार्फत निरन्तर खवरदारी वडा नं. २ र ७ मा

१६) आमा समूहहरु पुर्नगठनमा सहजीकरण ४ वटा ।

१७) नगरस्तरीय बाल समिति र उपसमितिका सदस्यहरु तथा सामाजिक परिचालकहरुलाई क्षमता विकास सम्न्धि ३ दिने तालिम सम्पन्न मानव अधिकार मन्चको समन्वयमा ।

१८) फोटो सहितको मतदाता परिचय पत्र को लागि नामावली संकलन मा सहयोग इलाम नगरपालिका क्षेत्रका सवै वडाहरुमा सम्पन्न ।

१९) वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र तथा टोल विकास संस्थाका प्रतिनिधिहरुको लागि इलाम नगरपालिक क्षेत्रमा फोहोरमैलाको समुचित व्यवस्थापनको लागि खेर गएका प्लाष्टिक जन्य सामाग्रीहरुबाट खेलौना वनाउने ३ दिने तालिम सम्पन्न ।

२०) इलाम नगरपालिका कार्यालयको आर्थिक बर्ष २०७४।२०७५ को बार्षिक कार्यक्रम सार्वजनिकीकरण गर्ने कार्यमा सहयोगग ।

२१) वालक्लबहरु पूर्नगठनमा सहजीकरण साथै बालबालिकाहरुसँग अर्न्तक्रिया कार्यक्रम १

२२) इलाम नगरपालिकामा संचालित विभिन्न विकास निर्माणका कार्य का लागि उपभोक्ता समिति गठनमा सहयोग ९ वटा ।

२३) इलाम नगरपालिक क्षेत्रमा संचालनमा रहेका वजार तथा स्टलहरुको अनुगमनमा सहयोग ५० वटा ।

२४) इलाम नगरपालिकामा कार्यरत सरसफाई कर्मीहरुको स्वास्थ्य परीक्षण तथा इलाम अस्पताल क्षेत्र सरसफई कार्यक्रम सम्पन्न गर्न आवश्यक सहयोग ।

२५) इलाम नगरपालिका कार्यालयको दोश्रो चौमासिक को सार्वजानिक सुनुवाई सम्पन्न ।

२६. वडा नागरिक मन्चको वैठक सम्पन्न १० वटा ।

२.२. मुख्य उपलब्धिहरु :

(१) इलाम नगरपालिका क्षेत्रमा विद्यामान सचेतना केन्दहरुमा साप्ताहिक रुपमा विभिन्न सामाजिक मुद्धाहरुमा रिफ्लेक्ट विधिबाट सामाजिक परिचालकहरुको सहयोगमा यो चौमासिक अवधिमा ७२ वट कक्षा हरु संचालन भएका छन जसको कारण सचेतना केन्द्रका सदस्यहरुको क्षमता विकास हुनाको साथै कार्यक्रको प्रभावकारिता र पारदर्शिता तथा नगरपालिका मार्फत संचालित कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहजता पैदा भएको छ ।

(२) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत  गत आ.व.मा नै प्राप्त ४ वटा नागरिक सचेतना केन्द्रहरुमा दिगो जीविकोपार्जनको लागि प्राप्त प्रति नासके रु १०००००। परिचालनमा सहयोग सो को लागि समूहको निर्णयको आधारमा व्यवसायिक योजना तयार गरी ६ प्रतिशत व्याजदरमा सदस्य हरुलाई किस्तावन्दीमा उपलब्ध गराउने कार्य को सहजीकरण गरिदै आएको छ जसको कारण स्थानीय सदस्यहरुको  जीवन यापनमा सुधार ल्याउनको लागि यसले केही हदसम्म भए पनि यसले सहयोग पुर्‍याएको देखिन्छ  ।

३. इलाम नगरपालिकाको ९ वटै वडामा संचालनमा रहेका १३ वटा नागरिक सचेतना केन्द्रका सदस्यहरुलाई नियमित वचत संकलन तथा संकलित रकमलाई आयमूलक शीर्षकमा विपन्नताको आधारमा ऋण प्रवाह गर्न मासिक वचत

तथा ऋण कार्यक्रम संचालन लाई निरन्तरता दिईएको छ । उक्त कारोबारहरुको अभिलेख सामाजिक परिचालकहरुको सहयोगमा वडा नागरिक मन्च समक्ष पेश गर्ने गरिएको छ जसले गर्दा सदस्यहरुमा वचत गर्ने बानीको विकास हुदै गएको छ ।

४. विगत आ.ब.को सामुदायिक पूर्वाधार कोष परिचालन तथा अनुगमन : साना पूर्वाधार विकास अनुदान अर्न्तगत का विगत वर्षका ९ वटै कार्यक्रमहरु नियमिति रुपमा संचालनमा रहेका छन त्यस मार्फत नागरिक सचेतना केन्द्रका सदस्यहरुले फाईदा समेत लिंदै आइरहेका छन । यसको नियमित अनुगमन सामाजिक परिचालक संयोजक तथा परिचालकहरु मार्फत  गरिंदै आएको छ ।

५. वडा नागरिक मन्चको मासिक बैठक संचालन तथा सहजीकरण: सामाजिक परिचालन कार्यविधि निर्देशिका वडा नागरिक मन्च व्यवस्थापन समितिको नियमित वैठक बाहेक पनि आवश्यकता अनुसार अन्य समन्वय वैठकहरु सवै वडाहरुमा हुँदै आईरहेका छन । सामाजिक परिचालकहरुले उक्त बैठकको सहजीकरण गर्दै आईरहनु भएको छ । साथै आवश्यकता अनुसार सामाजिक परिचालक संयोजकले समेत सो कार्यको लागि सहयोग गर्दै आउनु भएको छ । यसले गर्दा वडा नागरिक मन्चहरुलाई सक्रिय रुपम आफ्नो जिम्मेवारी पूरा गर्न प्रत्साहन मिलेको छ ।

७. सहभागितात्मक योजना तर्जुमाको लागि वडा भेला साथै नगरपरिषद: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत गठन गरिएका वडा स्तरीय वडा नागरिक मन्चहरुले आफना वडा भित्रका समस्या पहिचानमा वडा भेला मार्फत सहयोग गरिरहेका छन । सहभागितात्मक योजना तर्जुमा प्रक्रियामा वडा नागरिक मन्चलाई सक्रिय परिचालन गर्न सामाजिक परिचालकहरुले वडा स्तरमा अभिमुखीकरण संचालन गर्दै आईरहेका छन । वडा भेला मार्फत आएका विकास तथा निर्माणका क्रियाकलापहरुलाई स्थानीय शासनमैत्री वनाउन तथा कार्यान्वयनको चरणमा लैजानको लागि नगरपरिषद मार्फत सिफारिष भई आईसकेका छन ।

८. इलाम नगरपालिका मार्फत आर्थिक बर्ष २०७३।२०७४ मा उपभोक्ता समिति मार्फत संचालन हुने विकास गतिविधिहरुको वडा स्तरमा उपभोक्ता समिति गठनमा सामाजिक परिचालकहरुले सहजीकरण गरिरहेका छन । सामाजिक परिचालकहरुको समेत उपस्थितीमा गठन भएको उपभोक्ता समितिले नगरपालिका कार्यालय संग योजना सम्झौता गरी प्रकृयागत रुपले योजना सम्पन्न गर्ने गरिएको छ ।

९. संचालित गतिविधिहरुको सामाजिक तथा सार्वजनिक परीक्षण: वडा स्तरमा संचालित विकास निर्माणका गतिविधिहरुको स्थानीय स्तरमानै सामाजिक तथा सार्वजानिक परिक्षणमा वडा स्तरीय सामाजिक परिचालकहरे भूमिका निर्वाह गर्दै आएका छन । गत आ.व.को वडास्तरमा संचालित योजना कार्यान्वयन पश्चात यसको फरफारकमा समेत सामाजिक परिचालकहरुको सहयोग हुने गरेको छ ।

१०) वडा स्तरीय अभिमुखीकरण सन्चालन तथा सहजीकरण: इलाम नगरपालिक मार्फत संचालित नियमित कार्यक्रम तथा स्थानीय साशन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगतका विभिन्न विषयहरुमा सम्बन्धित वडा तथा स्थानीय सरकार विचको सम्पर्क केन्द्रको रुपमा समाजिक परिचालकहरुले आफ्नो भूमिका निर्वाह गर्दै आएका छन । वडा तथा टोलहरुमा संचालन गरिने विभिन्न किसिमका क्षमता विकास साथै जनचेतनामूलक कार्यक्रमहरुमा सामाजिक परिचालकहरुको उल्लेखनीय सहयोग उपलब्ध हुँ आएको छ हरेक वडाहरुमा गरिने भेला तथा छलफल कार्यक्रमहरुम सामाजिक परिचालकहरुले पत्राचार सहयोग र समन्वय गर्दै आउनु भएको छ जसले गर्दा नगरपालिकाको कार्यसम्पादनमा सहयोग पुगेको छ ।

११. टोल विकास संस्था परिचालन तथा समन्वय: इलाम नगरपालिका भित्रका सवै वडाहरुमा विगत वर्षहरुमा गाउँ नगर साझेदारी परियोजना संचालन हुँदा गठन गरिएका टोल विकास संस्थाहरु करिव निष्कृय प्राय रहेका छन । ति टोल विकास संस्थाहरुलाई सक्रिय रुपले परिचालन तथा प्रगतिको अभिलेखिकरण गर्दै पुन सक्रियता प्रदान गर्न समुदाय परिचालन मार्फत सामाजिक परिचालकहरुको सक्रिय भूमिका रहेको छ । नगरपालिका मार्फत प्रवाह गरिएको टोल विकास संस्थाहरुको ऋण अनुगमनमा सामाजिक परिचालकहरुको सहयोग रहँदै आएको छ ।

१२. हरित उद्यमशीलताको लागि सार्वजनिक निजी साझेदारी परियोजनालाई वडा स्तरमा समन्वय विस्तार: इलाम नगरपालिका, विनरक इण्टरनेशनल, पोजेटिभ प्लानेट र नामसालिङ सामुदायिक विकास केन्द्रको संयुक्त प्रयासमा

संचालन हुँदै आएको फोहोरमैला व्यवस्थापन सम्बन्धि परियोजनाका गतिविधिहरुलाई वडा, टोल तथा वस्ति स्तरसम्म लैजान तथा त्यहाँ रहेका समस्याहरुलाई सम्बन्धित निकाय समक्ष जानकारी गराउन विभिन्न छलफल तथा अर्न्तक्रियाको माध्यम बाट समाजिक परिचालन कार्यक्रमले समाजिक परिचालहरुको माध्यमबाट सहयोग उपलब्ध गराउँदै आई रहेको छ जसले गर्दा जसले विभिन्न कार्यक्रम संचालन गर्ने निकायहरुसंग समन्वय र सहकार्यमा सहजता पैदा भएको छ ।

१३. नगर सडक गुरुयोजना, नगरको करको दररेट तथा आवधिक योजना लाई अन्तिम रुप दिने सम्बन्धमा वडा नागरिक मन्चलाई अभिमुखीकरणः इलाम नगरपालिकाको नगर परिषद मार्फत पारित भएका योजना, नगरपालिकाको

परिमार्जित करको दररेट, विकास निर्माण मापदण्ड , नगरपालिका क्षेत्रको सडक गुरुयोजना आवधिक नगरविकास योजना जस्ता समसामयिक महत्वपूर्ण विषयवस्तुहरुमा सम्बन्धित कार्यालयका शाखा प्रमुख साथै वडा सचिव हरु

मार्फत सहजीकरण हुने गरी सामाजिक परिचालन कार्यक्रमले वडा स्तरमा अभिमुखिकरण कार्यक्रम संचालन गरेको छ । जसको प्रभावस्वरुप नगरवासीहरुमा रहेको अन्योललाई हटाउन सामाजिक परिचालन कार्यक्रम सफल भएको छ ।

१४. सामाजिक सुरक्षा भत्ता, तथ्याँक अद्यावधिक तथा वितरणमा सहयोगः नगरपालिका मार्फत वडा स्तरमा वितरण गरिने निर्देशिका अनुसारको सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्तिहरुको नामावली अद्यावधिक, लगत तयारी तथा नगर मार्फत निकासा भएको भत्ता वितरण प्रणालीलाई व्यवस्थित तथा शुलभ वनाउनको लागि सामाजिक परिचालकहरुले सहयोग गर्दै आउनु भएको छ । वैङ्किक प्रणाली मार्फत सहज वितरणको लागि समुदाय परिचालनमा यस सामुदाय परिचालन कार्यक्रमले सहयोग गर्दै आएको छ ।

१५. नगरपालिका कार्यालयमा नियमित हेल्प डेक्स मार्फत नियमित कार्यमा सहयोगः इलाम नगरपालिका कार्यालयको नियमित कार्यालय संचालन सहयोगको लागि सामाजिक परिचालकहरुले फिल्डमा खटिइ जानु पर्ने अवस्था बाहेक कार्यालयको हेल्प डेक्समा रही साप्ताहिक रोलक्रम अनुसार सहयोग गर्दै आउनु भएको छ । यसले गर्दा परिचालकहरुको सिकाई क्षमतामा विकास हुनाको साथै आफ्नो वडामा रहेका सेवाग्राहीहरु संग सम्बन्ध बढेको छ ।

१६. साप्ताहिक रुपमा प्रगति प्रतिवेदन पेशः वडा स्तरमा कार्यरत सामाजिक परिचालकहरुले आफ्नो प्रत्येक साता फिल्ड तथा कार्यालयमा सम्पादन गरेका कार्यहरुको संक्षिप्त प्रतिवेदन सामाजिक परिचालन संयोजक मार्फत नगरपालिकाको सूचना शाखामा प्रत्येक आईतबार लिखित रुपमा पेश गर्ने गरिएको छ । यसले नगरको कार्यक्रमगत प्रगति अभिलेखिकरणमा सहयोग पुगेको छ ।

१७. नगरपालिका कार्यालय तथा सेवा प्रदायक संस्थाको आन्तरिक क्रियाकलापहरुमा सहयोग तथा समन्वयः सामाजिक परिचालन कार्यक्रमले इलाम नगरपालिका तथा सेवा प्रदायक संस्थाले इलाम नगर क्षेत्रभित्र विभिन्न परियोजना हरु संचालन गर्न वडा स्तरमा रहेको सामाजिक परिचालक तथा वडा नागरिक मन्च मार्फत सहयोग पुगेको छ । वडामा गठन भएका लुज फोरमहरु मार्फत अन्य संघ संस्थाका गतिविधिहरु समेत संचालन गर्न सहज भएको छ ।

१८. सामाजिक परिचालकहरुको क्षमता विकासः कार्यक्रम मातहतका सामाजिक परिचालकहरुको क्षमता विकासको लागि वेलाबेलामा विभिन्न संघ संस्थाहरु बाट चलाईने तालिम, सेमिनार, तथा वैठकहरुमा सामाजिक परिचालकहरुलाई सहगाभी गराउँदै आईएको छ जसको फलस्वरुप उनीहरुको बृत्ति विकासमा सहयोग पुग्नुको साथै कार्यक्षमतामा समेत बृद्धि भएको छ ।

## २.३. कियाकलापहरु सञ्चालन गर्दा देखिएका समस्याहरु तथा सुधार गर्नु पर्ने पक्षहरु

(१) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत वडा स्तरमा परिचालन भएका सामाजिक परिचालक रोलक्रम अनुसार न.पा.को नियमित कार्यक्रममा सहयोगको लागि परिचालन भए पनि कार्यालयमा जिम्मेवारी सम्हाल्न निश्चित स्थानको अभाव ।

(२) सामाजिक परिचालन कार्यविधि अनुसार वडा भेला मार्फत छनौट भई आएका सम्पूर्ण विकास योजना नगरपालिकाको आर्थिक श्रोत सिमितताको कारण पूर्ण रुपमा सम्बोधन गर्न नसकेको कारण वडाबासीहरुमा योजना छनौट र निर्णय प्रक्रियामा उत्साह कम देखिएको ।

(३) नगर मार्फत संचालित गतिविधिहरुमा वडा नागरिक मन्चको भूमिकालाई नपाले थप समन्वय गरि दिगो प्रतिफल लिनको लागि सामाजिक शाखाले विशेष भूमिका निर्वाह गरिनु पर्ने अवस्था छ ।

४) सामाजिक परिचालक मार्फत वडा स्तरमा वडा नागरिक मन्च तथा नागरिक सचेतना केन्द्र संग छलफल मार्फत पहिचान भई आएको समस्या तथा गुनासाहरु नगरपालिका मार्फत समयमानै सुनुवाई नभएकोले वडा नागरिक मन्चको मनोवल घटदो क्रममा रहेको छ । यसलाई आगामी दिनहरुमा सुधार गर्नु पर्ने देखिन्छ ।

६. नगर क्षेत्रमा गत आ.ब.मा गठन गरिएको नागरिक सचेतना केन्द्रमा पूर्वाधार विकास तथा जीविकोपार्जनका केही पनि योजना संचालन नहुँदा सदस्यहरुमा नैराश्यता पैदा भएकोले सो केन्द्रमा आर्थिक विकासका केहि योजनाहरु संचालन गरिनु पर्ने ।

७. स्थानीय समुदायमा प्रत्यक्ष रुपमा सामाजिक परिचालकहरु खटिनु पर्ने साथै स्थानीय जनप्रतिधिमूलक निकायहरु नभएको अवस्थामा उनीहरुको थप कार्यबोझ वहन गर्नु पर्ने भएकोले समयसापेक्ष उनीहरुको सेवा सुविधा परिमार्जन गरिनु पर्ने साथै उनीहरुको थप बृत्ति विकासमा ध्यान दिनु पर्ने जसले गर्दा सामाजिक परिचालनको क्षेत्रमा काम गर्न थप हौसला तथा ऊर्जा प्राप्त हुने ।

२.४. क्रियाकलापहरु सञ्चालन गर्दा समस्याहरु भए समाधानका लागि गरिएका प्रयासहरु :
(१) आपसी समन्वय तथा सहकार्यतामा जोड दिने प्रयास ।

वडा नागरिक मन्चमा सदस्य संख्या

| वडा नं. | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | १५ | ११ | २६ | एक चौथाइ सदस्यहरु फेरबदल हुन बाँकी |
| २ | १० | १८ | २८ | एक चौथाई सदस्यहरु फेरबदल भईसकेको |
| ३ | १४ | १३ | २७ | एक चौथाई सदस्यहरु फेरबदल भईसकेको |
| ४ | १३ | १४ | २७ | एक चौथाई सदस्यहरु फेरबदल भईसकेको |
| ५ | १३ | १५ | २८ | एक चौथाइ सदस्यहरु फेरबदल हुन बाँकी |
| ६ | ११ | १७ | २८ | एक चौथाई सदस्यहरु फेरबदल भईसकेको |
| ७ | १७ | ११ | २८ | एक चौथाई सदस्यहरु फेरबदल भईसकेको |
| ८ | १५ | १२ | २७ | एक चौथाई सदस्यहरु फेवदल भईसकेका नासके को निर्णय बमोजिम २ जना सदस्यहरुको पदपूर्ति गरिने । |
| ९ | १४ | १४ | २८ | एक चौथाई सदस्यहरु फेरवदल भईसकेका |

नागरिक सचेतना केन्द्रमा सदस्य संख्याः

| वडा नं. | **ना.स.के भएको वडा नं र बस्तीको नाम** | **नागरिक सचेतना केन्द्रको नाम (सवै नागरिक सचेनता केन्द्रहरु)** | **जम्मा सदस्य सख्या** | | जम्मा |
|---|---|---|---|---|---|
| | | | **महिला** | **पुरुष** | |
| १ | वडा नं. १, माइस्थान | माइस्थान नागरीक सचेतना केन्द्र | २० | २ | २२ |
| २ | वडा नं. २ कुलधारा | कुलधारा नागरीक सचेतना केन्द्र | ३० | ० | ३० |
| ३ | वडा नं. ३, गोदावरी | थिङ्गगाउँ नगरीक सचेतना केन्द्र | २२ | ८ | ३० |
| ४ | वडा नं. ५ पुवामाई | पुवामाई नागरीक सचेतना केन्द्र | २७ | ३ | ३० |
| ५ | वडा नं. ५ पुवाजुङ्ग | पुवाजुङ्ग नागरिक सचेतना केन्द्र | २६ | २ | २८ |
| ६ | वडा नं. ५, उद्यमटोल | निगुरे नागरिक सचेतना केन्द्र | २६ | ० | २६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | वडा नं. ६ राईगाउँ | राईगाउँ नागरीक सचेतना केन्द्र | २५ | ० | २५ |
| ८ | वडा ६ मसार | मसार नागरीक सचेतना केन्द्र | २८ | २ | ३० |
| ९ | वडा नं. ७ वेलडाँडा | सिङ्गफिङ्ग नागरिक सचेतना केन्द्र | ३१ | ० | ३१ |
| १० | वडा नं. ७ वानियाँटोल | महविर नागरीक सचेतना केन्द्र | ३० | ० | ३० |
| ११ | वडा नं. ८ ,घोष | नागरीक सचेतना केन्द्र घोष | २३ | ० | २३ |
| १२ | वडा नं. ८ हिमालयन | सयपत्री नागरिक सचेतना केन्द्र | २४ | ० | २४ |
| १३ | वडा नं. ९, गढी | गढी नागरिक सचेतना केन्द्र | १९ | ८ | २७ |

ग. यस चौमासिकमा  नागरिक सचेतना केन्द्रमा छलफल गरिएका विषयहरु

| छलफल गरिएका विषयहरु | छलफल बाट भएको उपलब्धि | सिकाइ |
|---|---|---|
| बचत परिचालन तथा व्यवस्थापन | सदस्यहरुमा वचत गर्ने बानीको विकास | सदस्यहरुमा सामान्य घरायसी समस्या हरु पूरा गर्न सहज |
| फोहोरमैला वर्गीकरण तथा व्यवस्थापन सम्बन्धि सचेतना | छलफल तथा प्रचार प्रसारमा सहजता तथा फोहोर व्यवस्थापन गन तथा वर्गीकरण गर्ने वानी को विकास | सम्पूर्ण वडाहरुमा आवश्यक नरहेको |
| लागु पदार्थ तथा दुर्व्यसनी नियन्त्रण सम्बन्धि अभिमुखिकरण | धेरै मात्रामा रहेको | घटदो क्रममा रहेको |
| घरेलु हिँसा सम्बन्धि | समाजमा हुने विभिन्न किसिमका घरेलु हिंसा तथा अपराध का घटनामा क्रमीक रुपमा सुधार | कानूनी उपचार खोज्न समेत स्थानीयहरु अग्रसर हुने । |
| स्थानीय निकायबाट उपलब्ध सेवा सुविधाहरु | जानकारीहरु सम्प्रेषण भएको | |
| नागरिक वडापत्र र यसको प्रयोजन | नागरिक वडापत्र र यसको प्रयोजनको बारेमा केहि हद सम्म भए पनि समुदायमा जानकारी उपलब्ध । | नागरिक वडापत्रको प्रयोजनको बारेमा सम्पूर्ण नगर क्षेत्रका टोल टोलमा सचेतनामूलक कार्यक्रमहरु थप आवश्यक |
| सार्वजनीक परिक्षण | विकास निर्माणका कार्यक्रमहरुमा स्थानीयहरुको चासो बृद्धिका साथै सुशासन र पारदर्शिता बृद्धिमा समुदाय सचेत | यसको आवश्यकता किन भन्ने जनचासो लाई सम्बोधन गर्ने किसिमका थप कार्यक्रमहरु आवश्यक |
| उपभोक्ता समिति गठन प्रक्रिया | | यो प्रक्रियामा विकास निर्माणका कार्यक्रमहरु सँचालन गर्दा उपभोक्ता समिति सदस्यहरुमा समेत अपनत्व जगाउने प्रयासको थालनी गर्नु पर्ने |
| सरोकारवाला संस्थाहरुबाट उपलब्ध हुने सेवा सुविधा बारेमा जानकारी | सम्बन्धित क्षेत्र सँग जानकार भई लिनु पर्ने सेवा सुविधाहरुमा सचेत | जिल्लामा रहेका सम्पूर्ण सरोकारवाला निकायहरु र तिनिहरुले दिने सेवा सुविधा को बारेमा सूचना दिनको लागि सार्वजनिक स्थलमा सम्पूर्ण संस्थाहरुको सेवा सुविधा झल्कने किसिमको सुचना वोर्ड वा डेक्सको व्यवस्था गर्न सके राम्रो |
| लैङ्गिक हक तथा अधिकारको बारेमा छलफल | समाजमा हुने विभिन्न किसिमका घरेलु हिंसा तथा अपराध का घटनामा क्रमीक रुपमा सुधार | कानूनी उपचार खोज्न समेत स्थानीयहरु अग्रसर हुने । |

| | | |
|---|---|---|
| लक्षित वर्ग वजेट व्यवस्थापन सम्बन्धि छलफल | वजेट व्यवस्थापन र यसको प्रभाव बारेमा उपभोक्ताहरु सचेत भएको | वजेट कार्यान्वयनमा परदर्शिता तथा अपनत्वको भावना विकास गर्नको लागि समुदायमा उत्प्रेरणा |
| नागरिकता प्राप्तिका कानूनी प्रवाधानहरु | कानूनी प्रावधानको बारेमा केहि हदसम्म सचेत | निरन्तर रुपमा कानूनी प्रावधान तथा अधिकारको बारेमा अभिमुखिकरणको अभाव |
| वाल अधिकार तथा महिला स्वास्थ्य सम्बन्धि जानकारी | | थप सचेतनामूलक कार्यक्रमहरु आवश्यक |
| परिवार नियोजना सम्बन्धि जानकारी | | थप सचेतनामूलक कार्यक्रमहरु आवश्यक |
| स्वास्थ्य बिमा सम्बन्धि जानकारी | केहि नागरिकहरुले स्वास्थ्य विमा गर्न शुरु गरेको । | यसको प्रचार प्रसार लाई थप व्यवस्थित गरिँदै जानु पर्ने साथै तत् सम्बन्धि कार्यविधिलाई सम्पूर्ण जनताको पहुँच पुर्‍याइनु पर्ने । |
| विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार को बारेमा छलफल | स्थानीय विद्यार्थी, शिक्षक तथा अभिभावकहरु विच अभिभावकत्वमा बृद्धि | |
| नगर योजनाको चौधौं चरणको बारेमा छलफल | | हरेक वडा स्तरमा यो कार्यक्रम सम्बन्धि कार्यशाला तथा अभिमुकीकरण कार्यक्रम राखिनु पर्ने । |
| सहभागीतात्मक लेखाजोखा पद्दतीको बारेमा जानकारी | | |
| व्यक्तिगत घटना दर्ता बारेमा छलफल | व्यक्तिगत घटना दर्ता गर्ने क्रम बृद्धि | यसलाई सत् प्रतिशत गराउन विशेष अभियान चलाईनु पर्ने । |
| सामाजिक सुरक्षा भत्ताको बारेमा सुचना | | |
| बालमैत्री तथा वातावरण मैत्री स्थानीय शासन सम्बन्धि छलफल | | वालमैत्री तथा वातावरणमैत्री स्थानीय शासन ले निर्दिष्ट गरेको प्रावधान हरु बारेमा चेतना मा कमी यसको बारेमा विशेष कार्यक्रम हरु संचालन भए राम्रो |
| हरित नगर अभियान सम्बन्धि छलफल | अभियानको औचित्यको बारेमा जानकारी | प्रचार प्रसारको कमी |
| गर्भवती महिलाहरुको स्वास्थ्य परीक्षण तथा नेपाल सरकार वाट प्राप्त निशुल्क औषधीको बारेमा जानकारी | केहि महिला दिदी बहिनीहरु यो सेवा बाट लाभान्वित भएको | नगर क्षेत्रका सम्पूर्ण टोल, वडा तथा वस्तीहरुमा सम्बन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी थप कार्यक्रमहरु संचालन |
| पशुबिमा बारेमा छलफल | कृषकहरु यस विषयमा सचेत भएको | यसको प्रचार प्रसार लाई थप व्यवस्थित गरिँदै जानु पर्ने साथै तत् सम्बन्धि कानूनी जटिलताहरुलाई खकुलो पार्दै सम्पूर्ण कृषकहरुको पहुँच पुर्‍याइनु पर्ने । |

**सामाजिक परिचालनको प्रभाव निम्न क्षेत्रहरुमा पऱ्यो की परेन  समुदायमा के के कुरामा परिवर्तन देख्न सकिन्छ**

| विषय क्षेत्र | पहिलेको अवस्था | अहिलेको अवस्था | अब के गर्ने |
|---|---|---|---|
| स्वास्थ्य तथा सरसफाई चर्पी प्रयोग गर्ने घरधुरीको संख्या | | नगरपालिकाको सम्पूर्ण घरधुरीहरुमा चर्पीको प्रयोग गर्ने गरेको | चर्पीको नियमित प्रयोगको लागि समुदायलाई उत्प्रेरित गर्ने । |
| घरेलु हिँसा, दाईजो प्रथा, बाल विवाह | केहि मात्रामा रहेको | घटदो क्रममा रहेको | प्रचार प्रसार तथा सुचना सम्प्रेषणमा विशेष ध्यान दिने |
| बोक्सि तथा छुवाछुत प्रथा | केहि मात्रामा रहेको | हाल नभएको | |
| विकासको काममा चासो | | हरेक विकास निर्माणको कार्यहरुमा चासो समन्वय र सल्लाह सुझावहरु व्यक्त गर्ने गरेको | आपसी समन्वय तथा सुझाव तथा रायहरु संकलन गर्दै जाने |

| | | | |
|---|---|---|---|
| व्यक्तिगत घटना दर्ता | | करीव ८० देखि ९० प्रतिशत ले गर्ने गरेको | प्रचार प्रसार तथा सुचना सम्प्रेषणमा विशेष ध्यान दिन |
| नगर पालिका तथा अन्य संस्थाहरुको काम बारे चासो र जानकारी | चासो धेरै रहेको | | विषयगत क्षेत्रका विभिन्न सरोकारवाला निकायहरु सँग निरन्तर समन्वय तथा परामर्श गरी कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपमा संचालन गर्दै जाने । |
| अन्य भए खुलाउने | | समन्वय साझेदारी निर्णय प्रक्रियामा पहुँच | |

जिवीकोपार्जन सुधार कार्यक्रमः

| संचालित व्यवसायहरु | शुरु गरेको मिति | लगानी रकम | | | रोजगारी सृजना ( आशिक, पुर्ण कति जनालाई | सरदर नाफा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | आफ्नै | एलजिसिडिपी | अन्य | | | |
| नोटः यो चौमासिकमा कुनै पनि नया कार्यक्रम नभएको गत आ.व बाट नै संचालित कार्यक्रमहरुको सुपरीवेक्षण तथा अनुगमन | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

वडा नागरिक मञ्चबाट भएका पूर्व महत्वपूर्ण निर्णयहरु कार्यान्वयन भए⁄ भएनन् (नभए तिनका कारणहरु)
(१) केहि आँशिक निर्णयहरु मात्र कार्यान्यवन भएका पूर्ण कार्यान्वयनका लागि बजेट तथा विषयगत क्षेत्रहरुसंग समन्वयको कमजोरी
(२

| वडा नं | यस चौमासिकमा वडा नागरिक मञ्चको प्राथमिकतामा भएका र गाउँ विकास समिति⁄नपामा सिफारिश गरिएका कार्यक्रम तथा योजना | नपावाट स्वीकृत योजना तथा कार्यक्रम | स्वीकृत वजेट | वडा स्तरीय योजना तर्जुमामा सहभागिताको अवस्था | |
|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष |
| नोटः यो चौमासिक अवधिमा कार्यक्रम संचलन नभएको | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## नगरपालिकाको वैठक :

यस चौमासिकमा नगरपालिकाको वैठक भयो भएन, भएको भए : के के विषयमा छलफल भयो र मूख्य निर्णय के के भए ?
भयो
१. बार्षिक नगर विकास योजना तयारी वैठक

निर्णयहरुः
क) इलाम नगरपालिका कार्यालयको २२ औं नगरपरिषदको लागि वैठकमा पेश गर्ने एजेण्डाहरु तय ।
ख) नगरपालिका क्षेत्रमा विभिन्न शिर्षकमा करको दररेटहरु तय तथा व्यवसायहरुको वर्गीकरण ।
ग) इलाम नगरपालिकाको एकिकृत योजना तर्जुमा समितिको मिति २०७३।९।१९ को वैठकबाट प्राप्त सुझाबहरु नगर विकास योजनाको नीतिका रुपमा कार्यान्वयनका लागि नगर परिषद वैठकमा पेश गर्ने निर्णय ।

घ) कर्मचारी दरवन्दी तथा संरचना तय ।

ङ) इलाम नगरपालिकाको आर्थिक बर्ष २०७२।२०७४३ को लेखा परीक्षण प्रतिवेदन एवम सामाजिक परिक्षण प्रतिवेदन र आ.ब. २०७१।२०७२ को न्यूनतम शर्त तथा कार्य सम्पादन मूल्याँकन प्रतिवेदन एवम विगतको सार्वजनिक सुनुवाई प्रतिवेदन सार्वजनिक परिक्षण प्रतिवेदन तथा अनुगमन प्रतिवेदनमा छलफल तथा विश्लेषण हुँदा सो प्रतिवेदनबाट प्राप्त सुझाबा तथा सुधार गर्नुपर्ने कार्यलाइ आगामी दिनमा प्रभावकारी ढँगले कार्यान्वयन गर्ने र आव २०७३।२०७४ को अन्तिम लेखा परीक्षणको लागि समेत लेखा परीक्षक नियुक्त गराई लेखा परीक्षण कार्य र सामाजिक परीक्षणको कार्य समेत सम्पन्न गराउन कार्यालयका कार्यकारी अधिकृत लाई अधिकार प्रत्यायोजन गर्ने ।

च) नगरपालिका कार्यालय अर्न्तगत हालसम्म संचालन भई सम्पन्न भएका आयोजनाहरुको प्राविधिक प्रतिवेदनका आधारमा जाँचपास तथा फरफारकका लागि नगर परिषद बैठकमा पेश गर्ने निर्णय ।

छ) इलाम नगरपालिकाको पदपुर्ति समितिको अध्यक्ष पदमा विष्णु घिमिरे बरबोटे ५ इलामलाई नियुक्त गर्ने निर्णय ।

ज) नगर परिषदमा पठाउनका लागि विभिन्न विषयहरुमा निर्णय ।

| आय व्यय क्षेत्र | आय | |
|---|---|---|
| आन्तरिक श्रोत | १२००६५८६।४२ | |
| वाह्य श्रोत | ४९२९४३३७।०० | |
| जम्मा | ६१३००९२३।४२ | |

| आय व्यय क्षेत्र | | व्यय |
|---|---|---|
| चालु खर्च | | २२०४७४९०।४ |
| पूँजीगत खर्च | | २६०८७९४२।१४ |
| जम्मा | | ४८१३५४३२।५३ |

सञ्चालित लक्षित कार्यक्रमहरु :

| लक्षित वर्ग तर्फका कार्यक्रमहरु | | |
|---|---|---|
| महिला तर्फका कार्यक्रम | विनियोजित बजेट | लाभान्वित परिवार संख्या |
| १. महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ७२०००।०० | १८ |
| २. महिला उद्यमशिलता तालिम | ५००००।०० | २० |
| बालबालिका तर्फका कार्यक्रमहरु | | |
| १. बाल क्लब संचालन तथा व्यवस्थापन | १९२३०।०० | ४० |
| २. बौधिक अपांगता भएका श्रोत केन्द्र बरबोटे का विद्यार्थीहरुको लागि सोलार सेट जडान | ४८०००।०० | १५ |
| ३. विद्यालय भवन मर्मत सहयोग | २५०००।०० | १०० |
| बिपन्न वर्ग कार्यक्रम | | |
| १. | | |
| २. | | |
| अन्य कार्यक्रमहरु | | |
| १. युवा लक्षित कार्यक्रम | १०१००।०० | २० |
| २. धार्मिक क्षेत्र सहयोग | १,०००००।०० | १०० |
| ३. खानेपानी तथा सरसफाई ,वातावरण | २०,०००००।०० | ३०० |
| ४. सफा इलाम कार्यक्रम | ९७१५।०० | २० |
| ५ प्रकोप व्यवस्थापन | २०००००।०० | १०० |
| ६.मुहान संरक्षण तथा खानेपानी सुधार | १६०१९४।०० | ४० |









प्रतिवेदकः शान्तिराम घिमिरे सामाजिक परिचालक संयोजक स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम,